यो आकाशवाणी हो

मुख्य समाचार।

- प्रधानमन्त्रीले भोली आकाशवाणीमा 'मन की बात' कार्यक्रममा आफ्नो विचार साझा गर्नुहुने
- राष्ट्रपतिले सामाजिक न्याय दिलाउन काम गर्ने आवश्यकतामाथि दिनुभयो जोड
- भारत विरूद्ध सीमा पार आतङ्कवादलाई उक्साउनुको परिणाम पाकिस्तानले भोग्नु पर्नेछ
- पछिल्लो तीन वर्षमा सतसठ्ठी करोड़ भन्दा धेरै आयुष्मान भारत स्वास्थ्य खाता बनाइयो अनि
- बिहारमा जल संसाधन विभागले बाढ़को हाई अलर्ट गऱ्यो जारी

**अब समाचार विस्तारमा।**

**प्रधानमन्त्री-मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोली बिहान एघाह्र बजी आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देशवासीलाई आफ्नो विचार साझा गर्नुहुनेछ। यो मन की बात कार्यक्रमको एक सय चौधौं प्रकरण हुनेछ। श्री मोदीले तेस्रो पल्ट प्रधानमन्त्री पद समालेपछि यो मन की बातको चौथो कार्यक्रम हुनेछ। कार्यक्रम आकाशवाणी र दूरदर्शनका सबै नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र news on air मोबाइल एपमा प्रसारित गरिनेछ। यसलाई आकाशवाणी समाचार, डी.डी न्यूज, पी.एम.ओ र सूचना एवं प्रसारण मन्त्रालयको यूट्यूब च्यानलसमा पनि सीधा प्रसारित गरिनेछ। हिन्दी प्रसारणपछि आकाशवाणीले यसलाई क्षेत्रीय भाषाहरूमा पनि प्रसारित गर्नेछ।

**राष्ट्रपति तेलङ्गाना**

आज हैदराबादस्थित नलसर विश्वविद्यालयको एकाइसौं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले समाजका सबैभन्दा निम्नवर्गमा जिउँदै गरेका वन्चीत वर्गलाई सामाजिक न्याय दिलाउनका लागि काम गर्ने आवश्यकतामा जोड दिनुभयो। उहाँले उत्कृष्ट प्रदर्शन गर्ने छात्राहरूको प्रसंशा गर्नुभयो र महिला सशक्तिकरणका लागि काम गर्न आह्वान गर्नुभयो। उहाँले महिलाहरूमा भइरहेको अत्याचारमा चिन्ता व्यक्त गर्दै भन्नुभयो, यसका विरूद्ध सबैले मिलेर काम गर्नु पर्छ। उहाँले छात्रहरूसंग राष्ट्रीय लक्ष्य प्राप्त गर्ने दिशामा प्रयास गर्ने पनि आहवान गर्नुभयो। दीक्षान्त समारोहको अवसरमा राष्ट्रपतिले शिक्षामा उत्कृष्ट प्रदर्शन

गर्ने छात्र- छात्राहरूलाई स्वर्ण पदक प्रदान गर्नुभयो।

**सयुक्त राष्ट महासभा-भारत**

संयुक्त राष्ट्र महासभामा पाकिस्तानका प्रधानमन्त्री श्री शहबाज शरीफद्वारा जम्मू-कश्मीरको चर्चा हुँदा भारतले कड़ा प्रतिक्रिया दिएको छ। भारतले भनेको छ, सैनिक शासन, आतङ्कवाद, नशालु पदार्थको तस्करी र अन्तरराष्ट्रीय अपराधका लागि सारा विश्वमा पाकिस्तन जस्तो देशले विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको आलोचना गर्ने दुस्साहस गरेको छ। संयुक्त राष्ट्र महासभामा एउटा सत्रलाई सम्बोधन गर्दै भारतीय राजनयिक सुश्री भावीका मंगला नंदनले भन्नुभयो , सारा विश्वलाई थाहा छ, पाकिस्तानले लामो समयदेखी आफ्नो छिमेकीका विरूद्ध सीमा पार आतङ्कवादलाई हतियारका रूपमा प्रयोग गरेको छ। यसले भारतीय संसद, भारतको आर्थिक राजधानी मुम्बई, बाजार अनि तीर्थ स्थलहरूलाई जोड़्ने मार्गमा हमला गरेको छ। उहाँले भन्नुभयो, पाकिस्तानले भारतको अविभाज्य र अभिन्न अङ्ग, जम्मू-कश्मीरमा चुनावलाई बाधित गर्नका लागि लगातार आतङ्कवादको प्रयोग गरेको छ। पाकिस्तानले यो बुझ्नुपर्छ ,भारतका विरूद्ध सीमा पार आतङ्कवादलाई उक्साउनुको परिणाम भोग्नु पर्नेछ।

**इज़राइल- अन्तर्राष्ट्रीय न्यायालय**

हेगमा, अन्तर्राष्ट्रीय न्यायालयले सर्वसम्मतीका साथ इजराइललाई गाजामा फिलिस्तीनी जनसंख्याका लागि बुनियादी खाद्य आपूर्ति सुनिश्चित गर्नका लागि सबै आवश्यक अनि प्रभावी कार्रवाई गर्ने आदेश दिएको छ। अन्तर्राष्ट्रीय न्यायालयले भनेको छ, गाजामा फिलिस्तीनीहरूले जीवनको धेरै दुःख लाग्दो स्थितीहरूको सामना गर्नुपर्दैछ र अकाल अनि भोकमारी फैली रहेको छ। यो आदेश बिहीबार गाजामा फ़िलिस्तीनीहरूलाई यस्तो स्थिति अकालको स्थिति बनी रहेको बेला आएको हो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।**

**आयुष्मान भारत-3 वर्ष**

आयुष्मान भारत डिजिटल मिशन अन्तर्गत पछिलो तीन वर्षमा **सतसट्ठी करोड़** भन्दा धेरै आयुष्मान भारत स्वास्थ्य खाता अर्थात **आभा** बनाइएको छ। स्वास्थ्य अनि परिवार कल्याण मन्त्रालयले डिजिटल healthcare मिशनको तेस्रो वर्षगांठमा एउटा कार्यक्रम आयोजित गऱ्यो। मन्त्रालयले भनेको छ, मिशन अन्तर्गत बयालीस करोड़ भन्दा अधिक स्वास्थ्य रेकड आभासंग

जोड◌ीएको छ । यसमा सत्र हजार सुविधा सहित डिजिटल मिशनले एक लाख तीस हजार भन्दा धेरै सुविधाहरू ज◌ोडीएको छ । तीन लाखभन्दा अधिक सुविधा अनि चार लाख सत्तर◌ी हजार स्वास्थ्य हेरचाह व्यावसायिकलाई राष्ट्रीय स्वास्थ्य सेवा प्रदाता र◌ेज◌ेस्ट्रीमा सफलतापूर्वक पन्जीकृत गरिएको छ। मन्त्रालयले भनेको छ, डिजिटल मिशन, स्वास्थ्य हेरचाहको उपलब्धता, दक्षता अनि पारदर्शिता बढ़ाउनका लागि देशको डिजिटल healthcare पारिस्थितिकी तन्त्रमा क्रान्त◌ी ल◌्याउने उद्देश्यका साथ आफ्नो तीन साल पूर◌ा गर्दैछ।

## 38 दिल्ली - विधानसभा सत्र

दिल्ली विधानसभाको द◌ुई दिवसीय सत्रको अन्तिम दिन आज सत्ता पक्षले विधवा अनि वृद्धहरूले पाउने पेन्शनको सदनमा मुद्दा उठयो । सदनमा दिल्ली नगर निगमको तदर्थ समितिको आज भएको चुनावको मुद्दा पनि उठ◌्यो । यो चुनावको विरोधमा आम आदमी पार्टीका विधायकले विधानसभा परिसर बाह◌िर शान्तिपूर्ण धरना पनि गरे र विधानसभा अध्यक्ष श्री राम निवास गोयललाई पनि आफ्नो आपत्ति दर◌्ता गऱ्यो ।

## राजीव रन्जन-एक पेड़ मां के नाम

केन्द्रीय मत्स्य पालन, पशुपालन अनि डेयरी मन्त्री **श्री राजीव रन्जनले** भन्नुभएको छ, विरूवा रोपनले जलवायु परिवर्तनसंग जुझ्न सहयोग मिल्नेछ। **श्री रन्जनले** आज नयाँ दिल्लीमा **एक पेड़ मां के नाम अभियान** अन्तर्गत विरूवा रोपण अभियानको नेतृत्व गर्नुभयो । केन्द्रीय मन्त्रीले भन्नुभयो, सरकार , भावी पीढ़िका लागि पर्यावरणलाई राम्रो बनाउन वचनबद्ध छ। **एक पेड़ मां के नाम** अभियानको चर्चा गर्दै श्री रंजनले अधिक भन्दा अधिक विरूवा रोप्ने आग्रह गर्नुभयो । कार्यक्रममा उहाँले नानीहरूलाई व्यापक विरूवा रोपण अभियान बारे जागरूकता फैलाउन आग्रह गर्नुभयो । श्री रंजन र मत◌्स्य पालन, पशुपालन अनि डेयरी राज◌्य मन्त्री श्री जर्ज कुरियनले पनि यस अभियान अन्तर्गत विरूवा रोप्नु भयो।

## बिहार-हाई अलर्ट

बिहारमा जल संसाधन विभागले कोसी र गंडकी बा◌ँधबाट धेरै मात्रामा पानी छोड◌्ने संभावनाले बाढ़को उच्च सावधानी जारी गरेको छ। नेपालमा भारी वर्षापछि कोसी र गंडकी नद◌ीहरूको जलग्रहण क्षेत्रमा पानी बढ◌ेपछि य◌ो अलर्ट जारी गरिएको हो । विभागले भनेको छ, कोसी र गंडकी बराजदेखी आज छ लाख क्यूसेकबाट अधिक पानी छोड◌ीन सक्छ । जसक◌ो असर पश्चिमी

चन्पारण, पूर्वी चन्पारण, सारण, गोपाल गन्ज, सुपौल, सहरसा समेत राज्यका अन्य जिल्लमा पनि पर्ने संभावना छ।

**मौसम**

मौसम विभागले आज उत्तर प्रदेशमा धेरै तीव्र गतीमा पानी पर्ने आशंका व्यक्त गरेको छ। विभागले आज महाराष्ट्र, गुजरात, उप हिमालयी पश्चिम बंगाल, सिक्किम र बिहारका अलग-अलग स्थानमा अनि असम र मेघालयमा पनि भारी वर्षाको सम्भावना व्यक्त गरेको छ। मध्य महाराष्ट्र, गुजरात र उत्तराखण्डमा पनि भारी बर्षाको संभावना छ भने दक्षिण भारतमा तमिलनाडु, पुद्दुचेरी, केरल, कराईकल अनि माहेमा पनि भोली यही स्थीती रहनेछ। यसरी नै, मौसम विभागले अगिलो दुई -तीन दिनमा हिमाचल प्रदेश, पंजाब, हरियाणा, चण्डीगढ़, दिल्ली, राजेस्थान र पश्चिमी उत्तर प्रदेशमा हल्का देखी मध्यम रूपमा पानीपर्ने आशंका गरेको छ ।

**अनत्यमा मुख्य समाचार फेरी एकपल्ट**

- प्रधानमन्त्रीले भोली आकाशवाणीमा 'मन की बात' कार्यक्रममा आफ्नो विचार साझा गर्नुहुने
- राष्ट्रपतिले सामाजिक न्याय दिलाउन काम गर्ने आवश्यकतामाथि दिनुभयो जोड
- भारत विरूद्ध सीमा पार आतङ्कवादलाई उक्साउनुको परिणाम पाकिस्तानले भोग्नु पर्नेछ
- पछिल्लो तीन वर्षमा सतसट्ठी करोड़ भन्दा धेरै आयुष्मान भारत स्वास्थ्य खाता बनाइयो अनि
- बिहारमा जल संसाधन विभागले बाढ़को हाई अलर्ट गऱ्यो जारी

**आकाशवाणीबाट सुन्दै हुनुहुनथ्यो समाचार , पूरा भयो।**